जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २५२ २०८२ साल बैशाख २६ गते शुक्रबार (9 May 2025 Friday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : सगरमाथा संवादः जलवायु ... ३ पृष्ठमा : 'नीति तथा कार्यक्रम ... ३ पृष्ठमा : रूसद्वारा घोषित युक्रेन ...

## विष सेवन प्रकरणमा सिकिस्त भएकी काजल छोरालाई गुमाएर स्वास्थ्य लाभ गर्दै घर फर्किईन

**दैनिक समाचारदाता**
**राजविराज, २५ बैशाख ।**

बैशाख १४ गते ८ बजे राति राजविराज नगरपालिका वडा नम्बर १ चनौरा की २५ बर्षीया काजल देवी साफीले घरायसी वादविवादको कारण नाम नखुलेको किरा मार्ने विषादी सेवन गरि आफ्नै छोरा ४ वर्षिय सौरभ कुमार साफी समेत लाई विषादी सेवन गराएको घट्ना सार्वजनिक भयो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले बैशाख १५ गते घट्ना सार्वजनिक गर्दा विषादी सेवन गरेका काजल र उनका ४ बर्षीय छोरा सौरभको गजेन्द्र नारायण सिंह अस्पताल राजविराज उपचार हुन नसकि थप उपचारको लागि घोपा धरान पठाएको र त्यहाँबाट थप उपचारको लागी नोवेल अस्पताल बिराटनगर पठाइएकोमा उपचारको क्रममा बैशाख १५ गते सौरभको मृत्यु भएको र काजलको नोबेल अस्पतालमै उपचार भइरहेको तर अवस्था गम्भिर रहेको जानकारी दियो ।



छोरा गुमाएर आफू पनि मृत्यूको मुखमा पुगेकी काजलको स्वास्थ्य अवस्थामा सुधार आएपछि उनलाई अस्पतालले डिस्चार्ज गरिदिएको छ । अहिले उनी राजविराज १ स्थित आफ्नै निवासमा फर्किएकी छिन् । उनको स्वास्थ्य अवस्था समान्य रहेपनि पुर्ण स्वस्थ्य नभएको हुँदा अहिले पनि औषधी खाई रहेकी छिन् ।

काजलका श्रीमान् अनिल कुमार साफी ४ बर्ष अघि नै वैदेशिक रोजगारका लागि कतार गएका थिए । अहिले पनि उनी कतारमै छन् ।

छोराको उमेर ४ महिना हुँदा वैदेशिक रोजगारका लागि घरबाट हिडेका उनका छोरा ४ बर्षको भईसक्दा पनि प्रत्यक्ष भेटने अवसर भने पाएनन् र अब कहिले पनि पाउने छैनन् । किनभने उनका एक मात्र छोरा सौरभ कुमार साफीको मृत्यू भईसकेको छ ।

घरायसी विवादका कारण आमाले नै छोरालाई विष खुवाएर आफू पनि खाएको चौतर्फी चर्चाको विषय बनि रहँदा स्वास्थ्य उपचार गराएर अस्पतालबाट फर्किएकी काजल भने आफूले छोरालाई विष सेवन गराएर आफू पनि विष सेवन गरेको कुरालाई अस्वीकार गरेकी छिन् ।

घट्ना भएको ११ दिनपछि आफ्नै निवासमा बिहीबार संचारकर्मीसंग कुरा गर्दै उनले छोरा सौरभले घरमै राखिएको चामलमा किरा लाग्न नदिने विषादीयुक्त 'ट्यावलेट' लाई हजमोला पाचक सम्झेर खाएको बताईन्

"एउटा 'ट्यावलेट' खाई सकेका छोराले अर्को पनि मुखमा हाल्दै गर्दा हेरेको र, छोराको मुखमा औला हालेर बाहिर निकाल्दा अनि मात्र थाहा भयो

*बाँकी अन्तिम पृष्ठमा*

## सीमा क्षेत्रमा सुरक्षा निगरानी बढाइयो

काठमाडौं, २५ वैशाख (रासस) ।

गृह मन्त्रालयले पछिल्लो समयमा विकसित क्षेत्रीय सुरक्षा परिस्थितिलाई मध्यनजर गर्दै सीमा क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारेको छ ।

सीमा क्षेत्रको सुरक्षा मजबुत बनाउन सरकारले दिएको निर्देशनपछि सुरक्षा निकायले सुरक्षा निगरानी थप बढाएको हो । सीमा सुरक्षामा तैनाथ सशस्त्र प्रहरी बल नेपालले ४८ घण्टामा सीमा इलाकामा ३१२ वटा पट्रोलिङ र एक हजार ८४४ स्थानमा चेक प्वाइन्ट राखेको छ ।

वैशाख २३ गते मङ्गलबार बिहानदेखि बिहीबारसम्म ४८ घण्टामा भारतीय समकक्षी सशस्त्र सीमा बल (एसएसबी) सँगको सहकार्यमा सीमा इलाकामा ८४ वटा संयुक्त र २२८ वटा एकल पट्रोलिङ गरिएको सशस्त्र प्रहरीका सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिनुभयो ।

भारतीय समकक्षी सशस्त्र सीमा बल (एसएसबी)सँग संयुक्त पट्रोलिङ वैशाख २३ गते २० वटा, २४ गते १६ वटा र २५ गते ४८ वटा गरिएको छ । त्यस्तै एकल पट्रोल वैशाख २३ गते ८९ वटा, २४ गते ६४ वटा र २५ गते ७५ वटा गरिएको जनाइएको छ ।

सोही अवधिमा सीमा इलाकाका एक हजार ८४४ ठाउँमा चेक प्वाइन्ट राखिएको छ । वैशाख २३ गते ५६४, वैशाख २४ गते ६४० र वैशाख २५ गते ६४० ठाउँमा गरी एक हजार ८४४ ठाउँमा चेक प्वाइन्ट राखिएको हो । सीमामा गस्ती पट्रोल तथा सुरक्षा जाँचलाई निरन्तरता दिइएको सशस्त्र प्रहरीले जानकारी दिएको छ ।

उक्त क्षेत्रहरुमा सशस्त्र प्रहरी बल नेपाल नं १ बराह बाहिनी मुख्यालय सुनसरी, नं २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी, नं ३ गढिमाई बाहिनी मुख्यालय मकवानपुर, नं ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्की, नं ५ विन्ध्यावासिनी बाहिनी मुख्यालय रुपन्देही र नं ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलाली मातहत कार्यालयबाट १० हजारभन्दा बढी सशस्त्र प्रहरी बल नेपालको जनशक्ति परिचालन गरिएको छ ।

सीमा क्षेत्रलाई व्यवस्थित गर्न र हुनसक्ने अवैध गतिविधिलाई रोक्न नेपाल प्रहरी, राष्ट्रिय

*बाँकी तीन पृष्ठमा*

## वैशाख शुक्ल एकादशी : मोहिनी एकादशीको व्रत मनाईयो

काठमाडौं, २५ वैशाख (रासस) ।

दुःख र पापबाट मुक्तिका लागि प्रत्येक वर्ष वैशाख शुक्ल एकादशीमा व्रत गरिन्छ ।

मोहिनी एकादशीका नामले चिनिने यस दिन व्रत गर्नाले मानिस दुःख र पापको मोहजालबाट मुक्त हुने प्रसङ्ग विभिन्न पुराणमा उल्लेख गरिएको छ । यो एकादशीको माहात्म्य भगवान् श्रीकृष्णले युधिष्ठिरलाई बताउनुभएको ती ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराईले जानकारी दिनुभयो ।

वैशाख शुक्ल एकादशीका

*बाँकी अन्तिम पृष्ठमा*

## जनमत पार्टी प्रति जनताको आकर्षण बढेको छ : डा.सिके राउत




**दैनिक समाचारदाता**
**राजविराज, २५ बैशाख ।**

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउतले आम जनतामा पार्टी प्रति आकर्षण बढ्दै गएको बताएका छन् ।

सप्तरीको विष्णुपुर गाउँपालिकामा जनमत पार्टीले बिहीबार आयोजना गरेको बृहत पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै डा. राउतले स्थापनाको छोटो समयमै आफ्नो पार्टीमा जनताको आकर्षण बढेको बताए ।

नागरिक उन्मुक्ति पार्टीसंग निकट भविष्यमै एकिकरण हुन लागेको जानकारी दिदै उनले एकिकरण प्रक्रिया पुरा भएपछि पार्टीलाई देशैभर बिस्तार गरिने जनताको हित र मूलुकको विकास मात्र जनमत पार्टीले गर्ने दावी गर्दै उनले पार्टीको हित र विकासमा योगदान गर्न नेता तथा कार्यकर्तालाई निर्देशन समेत दिए ।

सप्तरीको निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य समेत रहेका डा. राउतले आफू विकासको पक्षमा तथा राज्यपक्षद्वारा भईरहेको विभेदको विपक्षमा संगठित रुपमा उभिएको बताए । कार्यक्रममा जनता समाजवादी पार्टी नेपालका पुर्व केन्द्रिय सदस्य विशेश्वर रजक सहित विभिन्न पार्टी परित्याग गरि दुईसय भन्दा बढी नेता कार्यकर्ता जनमत पार्टीमा प्रवेश गरेको जिल्ला इन्चार्ज रामगमन साहले जानकारी दिए ।

उनकै अध्यक्षतामा आयोजित कात्रममा मधेश प्रदेशका मुख्यमन्त्री शतिशकुमार सिंह, संगठन विभाग प्रमुख जयकान्त राउत, मधेश प्रदेशका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री शकिल अलि मियाँ, प्रदश साँसद एवं पुर्व

*बाँकी तीन पृष्ठमा*

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

Wisdom School
Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**

- दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
- बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
- CC Camera को निगरानीमा पठनपाठन गराइने ।
- अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
- प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
- गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
- कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

## सम्पादकीय ....

# सरकारी कार्यालयबाट प्रदान गरिने सेवामा सुधार आवश्यक

सप्तरी जिल्लाका सरकारी कार्यालयहरूबाट सेवा लिन सेवाग्राहीहरूलाई हम्मेहम्मे पर्ने गरेको छ। सेवाप्रदायक कर्मचारीहरू सेवाग्राहीप्रति प्रत्यक्ष उत्तरदायी नहुनु र कार्यसंस्कृतिको अभावले सेवा प्रभावकारिता घटाएको छ। संघीय, प्रदेश, र स्थानीय तहमा कार्यालयहरूको संख्या बढ्दो भए पनि कर्मचारी व्यवस्थापन, तालिम र कार्यसम्पादन मूल्यांकनमा कमजोरी देखिएको छ। त्यसतै कतिपय सेवास्थलहरूमा बिचौलियाको प्रभाव बढ्दो छ, जसले सेवाग्राही र कर्मचारीबीचको सिधा सम्पर्कमा अवरोध पुऱ्याएको छ। सेवाप्रदायक कर्मचारी र बिचौलियाबीचको भिन्नता स्पष्ट नहुनु, पोशाक र पहिचानको अभाव, र कार्यालय व्यवस्थापनमा पारदर्शिताको कमीले सेवा गुणस्तरमा असर पुऱ्याएको छ । सेवा वितरणमा सूचना प्रविधिको न्यून प्रयोग, नवीन प्रविधि आत्मसाथ गर्न नचाहने प्रवृत्ति, र सेवाग्राहीमैत्री भौतिक संरचनाको अभावले सेवा पहुँचमा बाधा पुऱ्याएको छ।

सरकारी सेवा प्रवाह सुधारका निम्ति सेवा वडापत्रको कार्यान्वयन: सेवाको प्रकार, प्रक्रिया, र समयसीमा स्पष्ट रूपमा जनाउने सेवा वडापत्र लागू गर्नु। सूचना प्रविधिको उपयोग: सेवा प्रक्रियामा डिजिटल प्रविधिको समावेशीकरण गरी पारदर्शिता र पहुँच वृद्धि गर्नु। कर्मचारी अभिमुखीकरण र तालिम: सेवाप्रदायक कर्मचारीहरूको क्षमता विकासका लागि नियमित तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु। अनुगमन र मूल्यांकन: सेवा वितरणमा नियमित अनुगमन र मूल्यांकन प्रणाली स्थापना गरी सुधारका लागि आधार तयार गर्नु तथा बिचौलियाको नियन्त्रणका लागि सेवाग्राही र सेवाप्रदायकबीचको सिधा सम्पर्क सुनिश्चित गर्नुपर्छ।

तसर्थ सरकारी सेवा प्रवाह सुधार गर्न यी उपायहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु आवश्यक छ। यसले सेवाग्राहीहरूको विश्वास बढाउनेछ र समग्र प्रशासनिक प्रणालीमा सुधार ल्याउने कुरामा दुइमत नहोला।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सगरमाथा संवादः जलवायुजन्य सङ्कट समाधानको खोजी

- डा धर्मराज उप्रेती

काठमाडौँ, २५ वैशाख(रासस)।

नेपालले आगामी जेठ २ गतेदेखि ४ गतेसम्म सगरमाथा संवादको आयोजना गर्दै छ। यो संवादमा विशेषगरी जलवायुजन्य सङ्कटको विषयमा छलफल गर्ने र एउटा निचोड निकाल्ने छ। निचोड निकालेपछि निचोडअनुसार योजना बनाउन सहयोग गर्छ। अनि निचोडले अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन सहयोग गर्छ। छलफलले नीति तर्जुमा देखिएको अन्तर र कस्तो खालको अवसर रहेछ ? र कस्ता खालका चुनौती रहेछ भन्ने कुरा जानकारी पनि हुन्छ। नेपालले पहिलो खालको सुरुवात गरेको छ। एकदमै सकारात्मक छ। यसअघि पनि सगरमाथा संवाद आयोजना गर्ने तयारी भए पनि विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीका कारण संवाद आयोजना हुन सकिरहेको थिएन। ढिलै भए पनि संवादको थालनी भएको छ। यो एकदमै राम्रो छ।

सगरमाथा संवाद कस्तो बेलामा भएको छ भने तेस्रो राष्ट्रिय निर्धारित योगदान ( तेस्रो एनडिसी) बनाइरहेका छौँ। विश्वको धेरै मुलुकले एनडिसी बनाएर संयुक्त राष्ट्रसङ्घको महासन्धीमा बुझाउँदै छन्। त्यतिबेला यो संवाद हुँदाको फाइदा के हुन्छ भने नेपालको भूगोल, अन्य देशको भूगोलभन्दा फरक छ। त्यो फरक भूगोल भएको मुलुक भएको हुनाले हामीसँग हिमाल पनि छ। हामीसँग पर्वतीय श्रृङ्खला पनि छन्। हामीसँग पहाड छन्। हामीसँग चुरे, समथर तराई र मधेसका भूमि छन्। तीनै क्षेत्रको फरकफरक खालको हावापानी र भू(बनोवट पनि छ। ती फरकफरक भू(वनोट हुनुको अर्थ के हो भने ती क्षेत्रमा जलवायु परिवर्तनको असर पनि फरकफरक किसिमले परिरहेको छ।

जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पारेको असरलाई हेर्ने हो भने कतिपय मानिस जलवायुजन्य सङ्कटका कारणले गर्दा बसाइसराई गरिहरनु परेको छ। बसाईसराई गर्नुको कारण भनेको जलवायु परिवर्तनको असरका कारण उत्पादकत्व भएन। अनि ती पर्वतीय क्षेत्रमा मानिसलाई बाच्नका लागि आधार धेरै भएन। त्यसपछि जङ्गल र जडिबुटीको पनि लोभ हुँदै गइरहेको अवस्था आयो। र रैथाने किसिमका खेती प्रणाली छन् तिनीहरू पनि लोप हुँदै गइरहेको अवस्था आयो। त्यसपछि अवसरको खोजीमा मानिस शहर केन्द्रित हुने तथा तेस्रो मुलुकमा रोजगारीको खोजीमा जाने क्रम बढ्न थाल्यो।

कृषि क्षेत्रमा माटो सुहाउँदो जलवायुका योजना बनाएनौँ भनेपछि यो अवस्था थप भयावह हुने र धेरै नै बसाइसराई शहर केन्द्रित हुने अवस्था आउनेछ। तसर्थ, पर्वतीय क्षेत्रमा भएको कृषि तन्त्रलाई त्यहाँको जडिबुटी तथा वनस्पतिको संरक्षण तथा व्यवस्थापन गर्नका लागि र जलवायु अनुकूलित बनाउनका लागि अपनाउने उपायका लागि पनि हामीलाई ठूलो लगानीको आवश्यकता पर्छ। सो लगानी नेपालको आफ्नै प्रयासले जुटाउन सम्भव छैन। यसमा धनी मुलुकबाट नै जोहो गर्नुपर्ने अवस्था छ। यसका लागि सगरमाथा संवादले धनी मुलुकको ध्यानाकर्षण गराउने प्रयास गर्छ।

पर्वतीय क्षेत्रको पारिस्थितीकीय प्रणालीमा असर गरिरहेको हुन्छ। पर्वतीय क्षेत्रको रूपमा माथिल्लोतटीय क्षेत्रलाई मात्र लिएर हुँदैन। तल्लोतटीय क्षेत्रलाई पनि लिनुपर्छ। माथिल्लोतटीय क्षेत्रमा हुने हिमताल बिस्फोटजस्ता जलवायुजन्य विपद्का घटनाले तल्लोतटीय क्षेत्रलाई पनि असर पुऱ्याइरहेको हुन्छ। यस्ता विपद्ले तल्लोतटीय क्षेत्रमा आगामी १०/२० वर्षमा कस्तो खालको असर पुग्न सक्छ ? भनेर वैज्ञानिक अनुसन्धान पनि ठाउँठाउँमा भइरहेको अवस्था छ। अहिलेसम्म भएका प्रमाण पनि अन्तरराष्ट्रियकरण गर्न जरुरी छ।

अन्तरराष्ट्रियकरण नगरी हामी चुप बस्यौँ भने धनी मुलुकहरूले सहयोग जुन तरिकाले कटौती गर्दै लगिरहेका छन्, यसमा अझै थप कटौती गर्न सक्छन्। नेपालजस्ता मुलुकमा जलवायु परिवर्तनको क्षेत्रमा लगानी कटौती गर्दा यसको अझै नकारात्मक परिमाण हामीले खेप्नुपर्छ। हाम्रो कारणले जलवायु परिवर्तन भएको होइन, धनी तथा औद्योगिक मुलुकका कारण भएको जलवायु परिवर्तनको असर हामीले भोगिराख्नु परेको छ। नेपालजस्ता मुलुकमा लगानी बढाउनुको सट्टा लगानी घटाउँदै लैजाने अवस्थालाई चुनौती दिन पनि सगरमाथा संवादले भूमिका खेल्न सक्छ।

विषम मौसम परिस्थितिका कारण सबैभन्दा बढी असर हाम्रो ऊर्जा क्षेत्रमा पनि परेको छ। मनसुनको समयमा जलविद्युत्का परियोजनामा बाढीका कारण परियोजनाका भौतिक संरचनामा असर पुगेको हुन्छ। परियोजनासम्म पुग्ने बाटो पनि बिग्रिने र मर्मतलाई आवश्यक पर्ने सामग्री पनि लैजान गाह्रो हुन्छ। काम गर्न बसेका मजदूरलाई पनि बाढीले बागाएको घटना छन्। यी र यस्ता जोखिमलाई पनि मध्यनजर गर्ने हो भने र पानीको बहाबमा आएको कमिलाई पनि हेर्ने हो भने ऊर्जा क्षेत्रले पनि जलवायुजन्य सङ्कटको सामना धेरै गरिरहेको छ। ऊर्जा क्षेत्रलाई पनि कसरी उत्थानशील बनाउने भनेर सरोकारवालाले छलफल गरिरहनुभएको छ। यो छलफलको निचोड पनि अन्तरराष्ट्रिय समुदायलाई सुनाउने र अन्तरराष्ट्रिय समुदायबाट पनि असल अभ्यास के भइरहेका छन् भनेर सिक्ने अवसर पनि सगरमाथा संवादले दिनेछ।

सडक, पुल, अस्पताल, पुलजस्ता भौतिक संरचना हामीले बनाउँदैछौँ। ती कति संरचना त जलवायुजन्य जोखिममा छन्। कतिपय संरचना नदी किनारमा छन्। गतवर्ष नख्खु खोलामा गएको बाढीका कारण ललितपुरस्थित मेडिसिटी अस्पतालमा करोडौँको क्षति भयो। विषम मौसमी परिस्थितिका कारण सामान्यतया: ७७ वर्षमा एक पटक आउने बाढी ५७ वर्षमा एकपटक आउने बाढीले गर्दा बनाएका भौतिक संरचनामा क्षति भएको छ। ती क्षतिलाई पनि अन्तरराष्ट्रियकरण गर्ने, पुर्ननिर्माण र पुर्नस्थापनाका लागि पनि ठूलो लगानी आवश्यक पर्छ। लगानीका लागि अन्तरराष्ट्रिय समुदायलाई आह्वान गर्नका लागि पनि सगरमाथा संवादले सहयोग गर्छ।

नेपाल मात्रै जलवायु परिवर्तनको असरले प्रभावित भएको मुलुक होइन, अन्य देश पनि छन्। ती अन्य मुलुकको पनि एकखालको संयन्त्र बनाउँदा नेपाललगायतका पर्वतीय देशको एउटा संयन्त्र हुन सक्छ। त्यो संयन्त्रबाट साझा समस्या लिएर कोपजस्ता अन्तरराष्ट्रिय मञ्चमा छलफलका लागि 'एजेण्डा' बनाउन सकिन्छ। यस्ता संयन्त्र स्थापनाका लागि पनि सगरमाथा संवादले सहयोग गर्न सक्छ।

दिगो विकासका लक्ष्य हासिल गर्नका लागि अब हामीसँग समय पाँच वर्ष मात्रै बाँकी छ। पाँच वर्षमा दिगो विकासका लक्ष्य हासिल गर्नका लागि लगानी आवश्यक छ। खाद्य सुरक्षामा हामी काम गरिरहेका छौँ। तर जलवायु परिवर्तनको असर कृषि क्षेत्रमा पर्दा त त्यो दिगो विकासको लक्ष्य हासिल गर्न सक्दैनौँ। पारिस्थितीकीय प्रणालीमा हामीले लगानी गरिरहँदा त्यही स्थानमा पहिरो गएर हुने जोखिमलाई कसरी क्षतिपूर्ति लिने भन्ने कुरा हामीसँग केही पनि छैन। हानी नोक्सानीका जति पनि घटना छन्। त्यसलाई क्षतिपूर्ति गर्नका लागि अन्तरराष्ट्रिय हानी नोक्सानी कोष स्थापना भएको छ। त्यो कोषबाट नेपालले बढीभन्दा बढी फाइदा लिन सक्नुपर्छ। त्यो रकममा सहज पहुँच स्थापित गर्नका लागि पनि सगरमाथा संवादलाई अगाडि बढाउनु जरुरी थियो। सगरमाथा संवादलाई विश्वको ध्यानाकर्षण गराउने अवसरका रूपमा लिन सकिन्छ।

यस सगरमाथा संवादमा धेरै देशका मन्त्री, उच्च सरकारी अधिकारी, विज्ञ, दातृ निकायका प्रमुखलगायतका व्याक्तित्वहरू भाग लिन आउँदै छन्। यसले नेपालले भोगका जलवायु परिवर्तनले भोगेका असरलाई कसरी उनीहरूले आफ्नो देशसँग जाँच्छन् र नेपालको अवस्था हेरेर आफ्नो मुलुक पनि जलवायु सङ्कटमा छ भन्लान्। कतिपय कुराहरू उनीहरूले हामीबाट सिक्छन्। जसरी बाढीसम्बन्धी पूर्वसूचना प्रणालीको विकास भएको छ। बाढीसम्बन्धी पूर्वसूचना समुदायसम्म पुग्ने एउटा संयन्त्र हामीले बनाएका छौँ। अन्य मुलुकले यसबाट सिक्न सक्छन्। हाम्रा असल अभ्यासलाई पनि हामीले अन्तरराष्ट्रियकरण गर्ने, अन्तरराष्ट्रियस्तरमा भएका असर अभ्यासलाई पनि हामीले नेपालीकरण गर्ने अवसर पनि संवादले दिन्छ।

चार चर्षमा देखिएका विषम जलवायुजन्य घटनालाई निहाल्ने हो भने सन् २०२१ मा कञ्चनपुरमा आएको बाढी, मेलम्चीमा सन् २०२१ मा नै आएको बाढी, मनाङको उच्च हिमाली क्षेत्रमा २०२२ र २०२३ मा आएको बाढी, सोलुखुम्बुस्थित थामेमा सन् २०२४ मा आएको हिमपहिरो, सान् २०२४ मा नै रोशी खोलामा आएको बाढीले उपत्यकामा पुऱ्याएको क्षतिलाई निहाल्ने हो भने पनि नेपाल विषम जलवायुजन्य घटनाको केन्द्र बन्दै आएको छ। जलवायुजन्य घटना मानव सिर्जित मात्रै होइन। मानव सिर्जितको जिम्मा नेपालले लिन्छ। तर विषम मौसमीजन्य घटनाहरूको जिम्मा अन्तराष्ट्रिय समुदायले लिनुपर्छ भनेर पैरवी गर्नुपर्छ। त्यो पैरवीमा नेपाल सरकार, विज्ञ, निजी क्षेत्र, नागरिक समाज सबैको सहयोग तथा भूमिका पनि यसमा आवश्यक छ।

नेपालले उठाउने भनेकै जलवायु न्याय हो। सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकको समूह ( एलडिसी)बाट स्तरोउन्नति हुँदैछ। यस्तो अवस्थामा एलडिसीको सहयोग नपाउन सक्छ। हिमाल पग्लनुमा हाम्रो दोष छैन, हिमताल विष्पोटले ल्याउने बसाइसराईका घटना हाम्रो वशमा छैन। यस्तो अवस्थामा जलवायु न्यायको दृष्टिकोटबाट अन्तरराष्ट्रिय समुदायले सहयोग गर्नैपर्छ। हात झिक्ने होइन हात बढाउनुपर्छ। (प्रस्तुत विचार जलवायु तथा विपद् व्यवस्थापनविद् डा उप्रेतीसँग राससका प्रगति ढकालले गर्नुभएको कुराकानीम आधारित)

# रेबिज लागेर एक जनाको मृत्यु

चितवन, २५ वैशाख (रासस)।

रेबिज लागेर इच्छाकामना गाउँपालिका-२ का ३२ वर्षीय मीनबहादुर प्रजाको मृत्यु भएको छ। निजको भरतपुर अस्पतालमा उपचारका क्रममा बिहीवार मृत्यु भएको अस्पतालका सूचना अधिकारी गोपाल पौडेलले जानकारी दिनुभयो।

केही महिनाअघि उहाँलाई कुकुरले टोकेको थियो। उपचारमा विलम्ब हुँदा निजको मृत्यु भएको हो। उहाँ उपचारका लागि बुधबार अस्पताल भर्ना हुनुभएको थियो।

# ‘नीति तथा कार्यक्रम संशोधनीय दस्तावेज हो, सकारात्मक सुझाव समेटौँ’

काठमाडौँ, २५ वैशाख (रासस)।

सङ्घीय संसदमा छलफलको क्रममा रहेको सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रमलाई आवश्यक परिमार्जन गरी थप उन्नत र परिपक्क बनाएर जानुपर्ने सांसदहरूले सुझाव दिनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा नीति तथा कार्यक्रममाथि आ(आफ्नो धारणा राख्दै सांसदहरूले नीति तथा कार्यक्रम संशोधनीय दस्तावेज भएकाले सदनमा उठेका जायज र सकारात्मक विषय समेटेर जानुपर्ने धारणा राख्नुभएको हो।

नेपाली कांग्रेसका सांसद अर्जुन नरसिंह केसीले नीति तथा कार्यक्रममा संशोधन नहुने हो भने संसदमा छलफल गर्न व्यर्थ हुने धारणा राख्नुभयो। दुई तिहाईको बलियो सरकारले सबै दलका धारणा समेटेर थप उन्नत, व्यवस्थित र कार्यान्वयनयोग्य दस्तावेजका रूपमा नीति तथा कार्यक्रमलाई ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो।

नीति तथा कार्यक्रमलाई कार्यान्वयनयोग्य बनाउन महत्वाकाङ्क्षी भन्दा पनि व्यवहारिक योजनालाई समेटर आगामी आर्थिक वर्षको बजेट ल्याइनुपर्ने केसीले बताउनुभयो। “नीति तथा कार्यक्रम, बजेटमा एउटा खालको प्रतिबद्धता जनाउने तर त्यसलाई कार्यान्वयन नगर्ने परिपाटीले आम नागरिकमा निराशा बढेको छ। उदाहरणका लागि मुलुकभित्रै मल कारखाना खोल्ने प्रतिबद्धता जनाइएको दशकौँ भइसक्यो तर पनि त्यो व्यवहारमा लागू भएको छैन। सोही कारण कार्यान्वयन गर्न सकिने विषय मात्रै नीति तथा कार्यक्रममा राख्नुपर्ने उहाँको भनाइ छ।

सांसद केसीले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा ‘जेन(जी’ पुस्तालक्षित कार्यक्रम ल्याइनु सकारात्मक रहेको टिप्पणी गर्नुभयो। मुलुकभित्र रोजगारका अवसर नपाउँदा युवा विदेशिने क्रम बढेको उल्लेख गर्दै उहाँले विद्यमान सामाजिक, आर्थिक गतिशीलतालाई बुझ्ने गरी सरकारका योजना आउनुपर्नेमा जोड दिनुभयो।

सीमान्तकृत र निरपेक्ष गरिबीको रेखामुनी रहेका नागरिकको आयस्रोत सुनिश्चितता तथा सामाजिक न्यायको प्रत्याभूति हुने गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम केन्द्रित हुनुपर्ने सांसद केसीले सुझाव दिनुभयो। अहिले दुई ठूला राजनीतिक दल मिलेर सरकार बनेको भन्दै मुलुकको स्थिर अर्थतन्त्र सुधार गर्न प्रभावकारी र ठोस योजना ल्याउनुपर्ने उहाँले उल्लेख गर्नुभयो।

“शिथिल अर्थतन्त्र सुधार्नका लागि आर्थिक कार्यक्रमबारे सरकारको नीति तथा कार्यक्रम बेखबर छ। डेढ महिनादेखि नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्त हुन नसक्नु अर्को दुःख विषय हो”, केसीले भन्नुभयो, “दुई तिहाईको सरकारले १० महिनासम्म एक तिहाई पनि पुँजीगत खर्च गर्न सकेको छैन।” सङ्क्रमणकालीन न्यायको विषय करिब दुई दशकदेखि टुङ्गोमा लाग्न नसकेको विषयलाई सरकारले गम्भीरताकासाथ लिनुपर्ने उहाँको भनाइ छ।

मुलुकको सार्वजनिक ऋण बढ्दै गएको, भष्टाचार निवारण हुन नसकेको, सुशासन कायम हुन नसकेको, मुलुकभित्र रोजगारी सिर्जना हुन नसकेकोलगायत समस्या विद्यमान रहेकाले नागरिक तहमा वितृष्णा बढेको पनि केसीले उल्लेख गर्नुभयो।

“सुशासन कायम गर्न नसक्दा नागरिक असन्तुष्टि सडकमा देखिन थालेको छ। कुशासन, दण्डहिनता, मनपरितन्त्रजस्ता प्रवृत्ति बढेकाले नागरिक सडकमा आउनु परेको हो”, केसीले भन्नुभयो, “अब राजनीतिक, सामाजिक, आर्थिक रुपान्तरणका लागि कसरी अघि बढ्ने भनेर सबैसँग छलफल गरी सहकार्य र समन्वय गर्दै अघि बढ्ने बेला भइसकेको छ।”

विसं २०४७ यताका सबै सार्वजनिक पदमा बसेका व्यक्तिको सम्पत्ति छानबिन गर्ने विषय पटकपटक उठ्ने गरे पनि त्यसो गर्नका लागि केकति कुराले रोकेको छ?, उहाँले प्रश्न गर्नुभयो। जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि नेपालले अन्तरराष्ट्रिय सहयोग जुटाउन पहल गर्नुपर्ने धारणा पनि उहाँले राख्नुभयो।

नीति तथा कार्यक्रममाथि आफ्नो धारणा राख्ने क्रममा सांसद संसदमा सांसद ठाकुरप्रसाद गैरेले संसद्मा उठेका विषय र सुझावलाई समेटर जानुपर्नेमा जोड दिनुभयो। संविधानमा उल्लेख भएका राज्यका निर्देशक सिद्धान्त तथा नीतिलाई सरकारको वार्षिक नीति तथा कार्यक्रमले आधार बनाएको दावी गर्दै उहाँले सरकारको वार्षिक नीति तथा कार्यक्रम, सिद्धान्त तथा प्राथमिकता, वार्षिक बजेट, मध्यमकालीन खर्च संरचनाबीच बलियो समन्वयको आवश्यकता औँल्याउनुभयो।

नागरिकका विकाससम्बन्धी आकाङ्क्षा पूरा गर्न नसक्दा सरकार र व्यवस्थाप्रति प्रश्न उठ्न थालेको उल्लेख गर्दै सांसद गैरेले जनताले राज्यबाट बलियो आड र भरोसा खोजेका बताउनुभयो। “नागरिकमा व्यापक निराशा बढेको छ, भरोशा टुटेको छ। उहाँहरूका आचरण बदलिँदै गएका छन्। भविष्यप्रति अविश्वास र निराशा बढेको देखिन्छ। अब ती निराशा चिर्दै नागरिकमा विश्वास पैदा गर्ने गरी सबै एकजुट भएर अघि बढ्न सक्नुपर्छ”, उहाँले भन्नुभयो।

सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा पर्ने विषयको कार्यान्वयनको सुनिश्चितताका लागि पनि गैरेले संसदमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो। सबैकुरा खराब मात्रै भयो भन्नेभन्दा पनि सकारात्मक आलोचना र सुझावको बढी अर्थ रहने उहाँको भनाइ छ।

संसदमा छलफलका क्रममा रहेको नीति तथा कार्यक्रमसँगै निजामती सेवा विधेयक, शिक्षा विधेयक, प्रहरी विधेयकलगायत महत्त्वपूर्ण कानुन अघि बढाउनुपर्ने सांसद गैरेले जोड दिनुभयो। भारत र पाकिस्तानबीच पछिल्लो समय विकसित सम्बन्धका कारण नेपालमा पर्न सक्ने असर र दुई देशबीच शान्तिको अवस्था सिर्जना गर्न नेपालले खेल्न सक्ने भूमिकाका बारेमा सोच्नुपर्ने बेला आएको उहाँले बताउनुभयो।

## जनमत...

मन्त्री महेश प्रसाद यादव, प्रदेश सांसद शम्भु साह, हनुमाननगर कंकालिनी नगरपालिकाका मेयर विरेन्द्र माझी, बलान विहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादव लगायतको उपस्थिति थियो।

## सीमा...

अनुसन्धान विभाग, स्थानीय जनप्रतिनिधि तथा सर्वसाधारणहरुसँग समन्वय गरी सूचना आदानप्रदान गरी सीमामा आवतजावत गर्नेहरुलाई निगरानी गर्ने कार्यसमेत कडाइका साथ गरिएको छ।

नेपाल–भारत सिमानामा परम्परादेखि चलिआएको परम्परागत आवतजावतलाई असहज तथा हैरानी नहोस् भन्नेतर्फ पनि सचेत हुँदै त्यसप्रकारको आवतजावतलाई सहजीकरण गर्ने कार्यसमेत गरिएको छ। यसैगरी सहरी क्षेत्रका सम्भावित सुरक्षा दिनुपर्ने महत्वपूर्ण ठाउँहरुमा निगरानी बढाइएको सशस्त्र प्रहरीबल नेपालले आज जानकारी गराएको छ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी**

# विश्व समाचार

## रूसद्वारा घोषित युक्रेनसँगको तीन दिने युद्धविराम बिहीवारदेखि लागु

मस्को, २५ वैशाख (रासस/एएफपी)।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनसँग तीन दिने युद्धविरामका लागि दिएको आदेश बिहीबारदेखि लागू भएको क्रेमलिनले जानकारी गराएको छ।

युद्धविरामलाई रूसले शान्तिका लागि किएभको तत्परताको परीक्षण भएको बताएको छ।

चीनका राष्ट्रपति सी जिनपिङ, ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भा र सर्बियाका अलेक्जेन्डर भुसिकसहितका विश्वका नेताहरू दोस्रो विश्वयुद्धको अन्त्यको सम्झनामा मनाइने कार्यक्रममा सहभागिता जनाउन मस्कोमा रहेका छन्।

युक्रेनको सेनाले बिहीबार बिहानै पूर्वी सुमी क्षेत्रमा रुसी सेनाले हवाई आक्रमण गरेको बताए पनि रातभर अपेक्षाकृत शान्त देखिएको छ। किएभले कुनै पनि क्षति वा हताहतिको जानकारी दिएको छैन।

रूसी नेता पुटिनले जर्म नाजीविरूद्ध मस्कोको विजय दिवस परेडको अवसर पारेर एकतर्फी रुपमा अस्थायी युद्धविराम गर्न आदेश दिनुभएको हो।

यद्यपि, युक्रेनले यो युद्धविराम प्रस्तावमा सहमति जनाएको छैन। युक्रेनले यसलाई नाटकको संज्ञा दिँदै यो युद्धविरामको प्रस्ताव अस्वीकार गरेको छ र यसको सट्टा ३० दिनको युद्धविरामको आह्वान गरेको छ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले गत जनवरीमा युक्रेनको सत्ता सम्हालेयता मस्कोले युक्रेनमाथि गरेको तीन वर्षे सैन्य आक्रमण अन्त्य गर्ने प्रयास गरे पनि दुई देशबीचको शत्रुता कम गर्न असफल देखिएका समय एकतर्फीरूपमा भएको युद्धविरामलाई पुटिनको रणनीतिका रूपमा अर्थ्याइएको छ।

पुटिनको आदेश लागू हुनुभन्दा केही घण्टाअघि मस्को र किएभले हवाई आक्रमण गरेका छन् जसका कारण रुसी एक विमानस्थलमा सेवा अवरूद्ध भएको छभने युक्रेनमा कम्तीमा दुई जनाको मृत्यु भएको थियो।

रुसको पश्चिमी क्षेत्रमा रहेको निज्नी नोभगोरोड विमानस्थलमा ‘नागरिक र उडानको सुरक्षा सुनिश्चित गर्न’ बिहीबार बिहान करिब डेढ घण्टाका लागि बन्द गरिएको सङ्घीय हवाई यातायात निकायका प्रवक्ताले बताउनुभएको छ।

क्रेमलिनले रुसी सेनाले पुटिनको आदेशलाई पालना गर्ने तर आक्रमण भएमा तुरुन्तै जवाफ दिने बताएको छ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बुधबार साँझ आफ्नो सम्बोधनमा ३० दिने युद्धविरामका लागि आह्वान गर्नुभएको छ।

“कूटनीतिलाई मौका दिन सक्ने यो (३० दिने युद्धविराम) प्रस्ताव हामीले फिर्ता लिएका छैनौँ। तर विश्वले रुसबाट कुनै प्रतिक्रिया देखिरहेको छैन,” उहाँले भन्नुभयो।

## टोकियोको प्राथमिक विद्यालयमा आक्रमण, पाँच जना कर्मचारी घाइते

टोकियो, २५ वैशाख (रासस/एएफपी)।

जापानको राजधानी टोकियोको एक प्राथमिक विद्यालय परिसरमा बिहीबार दुई व्यक्ति प्रवेश गरी पाँच जना कर्मचारीमाथि आक्रमण गरेका छन्। आक्रमणबाट उनीहरूलाई सामान्य चोट लागेको जापानी सञ्चारमाध्यमले जनाएका छन्।

प्रहरी स्रोतलाई उद्धृत गर्दै फुजी टिभीले भनेको छ, “पक्राउ परेका आक्रमणकारीले झ्याल फुटाएर एउटा कक्षाकोठामा प्रवेश गरेका थिए।”

एएफपीले सम्पर्क गर्दा प्रहरीले तत्काल घटनाको पुष्टि गरेको छैन यद्यपि, जापानी सञ्चारमाध्यमले यसअघि दिएको जानकारीमा चार जना कर्मचारी घाइते भएको जनाएका थिए।

जापानको राजधानी टोकियोको पश्चिममा रहेको ताचिकावा दाइसान प्राथमिक विद्यालयमा बिहीबार बिहान उक्त घटना भएको सरकारी प्रसारक एनएचकेले जनाएको छ।

विद्यालयको वेबसाइटमा ५०० भन्दा बढी विद्यार्थी र ३० भन्दा बढी कर्मचारी रहेको उल्लेख छ। जापानमा कक्षा दुईमा अध्ययन गर्ने विद्यार्थीहरू औसत सातदेखि आठ वर्षका हुन्छन्।

विद्यालयको टेलिभिजन फुटेजमा सुरक्षा कर्मचारी र प्रहरी अधिकारीहरूको टोली परिसर भित्र र वरपर हिँडिरहेको देखिन्छ।

जापानमा हिंसात्मक अपराध तुलनात्मक रूपमा दुर्लभ छ, जहाँ हत्याको दर कम छ र विश्वमा सबैभन्दा कडा बन्दूक कानूनहरू कार्यान्वयनमा रहेका छन्।

यस्तै अर्को एक घटनामा टोकियोको सबवेमा छुरा प्रहार गरी हत्याको प्रयासको आरोप लागेका एक व्यक्तिलाई बिहीबार पक्राउ गरिएको छ। उनीहरूले भीडभाडको समयमा दुई जनालाई घाइते बनाएका थिए।

# समसामयिक विषयमा सांसदहरूद्वारा ध्यानाकर्षण

काठमाडौं, २५ वैशाख (रासस)। प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा भाग लिँदै सांसदहरूले विभिन्न समसामयिक विषयमा आफ्ना धारणा राख्नुभएको छ।

सांसद भगवती चौधरीले सुनसरीको गढी गाउँपालिका पर्यटनको राम्रो सम्भावना बोकेको क्षेत्र भएकाले यथेष्ट बजेट विनियोजन गर्न आग्रह गर्नुभयो। सांसद भानुभक्त जोशीले सहिद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयका सबै संरचना तयार भइसकेकाले छिटो विधेयक पारित गर्नुपर्ने बताउनुभयो।

सांसद भीमप्रसाद आचार्यले तिलौराकोट उत्खनन् र पुनःनिर्माणको पखाइमा रहेकाले सरकारी पहल बढाउनुपर्नेमा जोड दिनुभयो।

सांसद मनिष झाले जनकपुरधाममा परिकल्पना गरिएको अन्तरराष्ट्रिय रङ्गशालाको निर्माणकार्य ढिलो भएकाले यथासक्य छिटो सम्पन्न गर्न सरकारको ध्यानाकर्षण गर्नुभयो।

महोत्तरी जिल्लाको मनरा शिसवा नगरपालिका र सामसी गाउँपालिका खडेरीको चपेटामा परेको उल्लेख गर्दै त्यहाँ सिँचाइ व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गर्न सांसद महेन्द्रकुमार रायले ध्यानाकर्षण गराउनुभयो।

त्यसैगरी सांसद महेशकुमार बर्तौला नेपालमा पनि स्मार्ट सार्वजनिक यातायातको रूपमा 'पोडवे' सञ्चालन गर्न सकिने सम्भावना रहेको बताउनुभयो। उहाँले हेटौँडा(काठमाडौंको बन्द भएको 'रोपवे'कै संरचनालाई आधारमान्दै त्यसलाई विशेष प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

सांसद महेश बस्नेतले मुलुकको पहाडी जिल्लाको सुख्खाग्रस्त विभिन्न स्थानमा लिफ्ट खानेपानी प्रणाली सञ्चालन भएपनि यसको विद्युत महसुल महङ्गो भएकाले खानेपानी प्रयोगको हकमा विद्युत् महसुल कम गर्नुपर्ने बताउनुभयो।

सांसद माधव सापकोटाले धान रोप्ने तयारी भएको समयमा किसानले पर्याप्त मल नपाएको भन्दै मलको व्यवस्था गर्न अनुरोध गर्नुभयो। उहाँले किसानले बेचेको दूधको पैसा डिडिसीले छ महिनादेखि नदिएकाले तत्काल किसानलाई भुक्तानी दिइयोस् भन्नुभयो।

सांसद मीना तामाङ र मुक्ताकुमारी यादवले भारत र पाकिस्तानबीच तनावको स्थिति सिर्जना भएको र त्यसको प्रभाव नेपालमाई पनि पर्नसक्ने भएको चर्चा गर्दै आफ्ना नागरिकको जिउज्यानको सुरक्षाको पक्षमा आपसी सहमतिका साथ सबै राजनीतिक दल एक ठाउँमा उभिनुपर्ने धारणा व्यक्त गर्नुभयो।

सांसद मेनकाकुमारी पोखरेलले लागुऔषध कारोबारमा युवाको बढी संलग्नता पाइएकाले त्यसतर्फ बेलैमा ध्यान अनुरोध गर्नुभयो। सांसद रञ्जुकुमारी झाले आउँदो बजेटमा बालबालिकाको लागि पोषणभत्ता बढाउनुपर्ने माग गर्नुभयो।

शून्य समयमा सांसद रणकुमारी बलम्पाकी मगर, रणेन्द्र बराली, योगेन्द मण्डल, राजेन्द्रकुमार राई, मनबहादुर गुरुङ र रमा कोइराला पौड्यालले विभिन्न समसामयिक विषय सदनको ध्यानाकर्षण गर्नुभएको थियो।

# कुष्ठरोग निवारण कार्यक्रमलाई अझ गतिशील र प्रभावकारी बनाउनुपर्छ : प्रधानमन्त्री

काठमाडौं, २५ वैशाख (रासस)। प्रधानमन्त्री केपी शर्मा ओलीले निरोगी नेपालको महाअभियान अन्तर्गत कुष्ठरोग निवारण गरिछाड्ने प्रयत्नलाई अझ गतिशील र प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र विभिन्न संस्थाद्वारा आज आयोजित 'नेपाल कुष्ठरोग सम्मेलन' उद्घाटनसत्रलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नेपालमा प्रति १० हजारमा एकभन्दा तलको सङ्ख्यामा कुष्ठरोगी रहनुलाई सफलताको सूचकका रूपमा लिन सकिने भए पनि रोग पूर्ण उन्मूलन नभएसम्म आफूहरू सन्तुष्ट नहुने बताउनुभयो।

उहाँले पहिला-पहिला पाचनप्रणाली राम्रो होस् भनेर आशीर्वाद दिइने गरेको प्रसङ्ग उल्लेख गर्दै आहारविहार र हेरचाहलाई विशेष ध्यान दिइ जीवन पद्धतिलाई सही ढङ्गबाट अघि बढाउने हो भने स्वस्थ्य रहन सकिने धारणा व्यक्त गर्नुभयो।

प्रधानमन्त्री ओलीले पञ्चायतकालमा गोलघरमा चिसो भुईंमा राखेर यातना दिइएको सम्झँदै त्यही कारण आफ्नो मिर्गौला 'फेल' भएको सन्दर्भ उल्लेख गर्नुभयो।

प्रधानमन्त्री ओलीले कुष्ठरोगीलाई हेलाँहोचो नगर्न कानुनमा संशोधन गर्ने र रोग सर्नबाट पनि बच्ने उपायका लागि सरकारले आवश्यक सहजीकरण गर्ने बताउनुभयो। उहाँले कुष्ठरोगजस्ता सङ्क्रामक रोग लागिहालेमा नियमित उपचार गर्ने कार्यलाई जागरणकै रूपमै सञ्चालन गर्न आग्रह गर्नुभयो।

प्रधानमन्त्री ओलीले कुनै पनि प्रकारका रोग लुकाउनुहुँदैन भन्ने सन्देशसहित आमसञ्चार र सूचना प्रविधिका माध्यमबाट कुष्ठरोग निवारणका लागि जागरण फैलाउन स्वास्थ्य मन्त्रालयको ध्यानाकर्षण गर्नुभयो।

# किसानद्वारा उत्पादित खाद्य वस्तुको बजार सुनिश्चित गर्न माग

काठमाडौं, २५ वैशाख (रासस)। सांसदहरुले किसानले उत्पादन गरेका खाद्य वस्तुको बजार सुनिश्चितको माग गर्नुभएको छ। बिहीवार प्रतिनिधि सभा बैठकमा आगामी आर्थिक वर्ष २०८२/८३ को लागि सरकारको वार्षिक नीति तथा कार्यक्रममाथिको छलफलमा उहाँहरुले मुलुकलाई कृषिमा आत्मनिर्भर बनाउनका लागि बजार सुनिश्चितताको माग गर्नुभएको हो।

बैठकमा सांसद सुशीला श्रेष्ठले गत वर्षको भन्दा यसपटक संशोधन सङ्ख्या बढेको र नयाँ कुरा आएको जनाउँदै आएका संशोधन र सुझाव समावेश गरेर नीति बन्नेमा विश्वास व्यक्त गनुभएको छ। "विरोधका लागि विरोध गर्ने प्रचलन अन्त्य हुनुपर्छ। राम्रा कुरालाई लिएर नराम्रा कुरालाई सच्याएर एकताको आधारमा अगाडि बढ्नु राम्रो हुन्छ," उहाँले भन्नुभयो, "यसपटक फजुल खर्च रोक्ने नीति आएको छ। सरकारले अनलाईन सेवा विस्तार गर्ने कुरा धेरै राम्रो छ। किसानले उत्पादन गरेका खाद्य वस्तुको बजार सुनिश्चित गराउने नीतिको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ।"

सांसद रामप्रकाश चौधरीले धेरै महत्वकांक्षी कुरा राखिए पनि किसानले सिँचाइ सुविधा नपाउने, मल समयमा नै नपाउँदा उनीहरु चिन्तित रहेको जनाउँदै यी व्यवस्था नीतिमा प्राथमिकता दिन सकेमा कृषि वस्तु आयात प्रतिस्थापन गर्न सहज हुने बताउनुभयो।

"हाईड्रोजन ऊर्जा विकास गरिनु, उद्यमशीलता नीति, रोजगारी सिर्जना गर्ने, स्टार्टअफ नीति लागू गर्ने नीति स्वागतयोग्य छन्," उहाँले भन्नुभयो, "खानेपानीको समस्या छ। खानेपानीको सहज आपूर्ति र गुणस्तरमा ख्याल गर्दै अधुरा खानेपानी आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने छ। जलासययुक्त खानेपानी र जमिनमुनिको पानी पुनर्भरण गर्नुपर्छ।"

यसैगरी सांसद योगेन्द्र मण्डलले कृषि उपज वृद्धि गरी मुलुकलाई आत्मनिर्भर बनाउने नीति कार्यन्वयन गर्न चुनौती रहेको बताउनुभयो। "राम्रो सिँचाइको व्यवस्था छैन। किसानले समयमा नै मल पाउन सकिरहेका छैनन्। अनि कसरी हुन्छ कृषिमा मुलुक आत्मनिर्भर?" उहाँले भन्नुभयो, "परराष्ट्र नीति सन्तुलित हुनुपर्छ। तर एमसिसिको कुरा बिआरआईको कुरा उठ्दा हामीले हेर्न आउँदैनौं। कसरी सन्तुलित हुनसक्छ?"

## वैशाख...

दिनमा पर्ने मोहिनी एकादशी व्रतका विषयमा त्रेतायुगमा रामचन्द्रले पनि गुरु वशिष्ठसँग प्रश्न गर्नुभएको बताइन्छ। सीता वियोगका बेला दुःख र कष्ट नाशका लागि भगवान् रामचन्द्र गुरु वशिष्ठसँग जिज्ञासा राखेपछि यसको महत्वबारे उहाँले प्रस्ट पार्नुभएको कथा रामायणलगायत ग्रन्थमा पनि उल्लेख गरिएको छ।

गुरु वशिष्ठले सरस्वती नदी किनारको सुमना भद्रावती नामक नगरका राजाका कान्छा छोराको कथासमेत सुनाएर यो एकादशी व्रतबारे प्रस्ट पार्नुभएको शास्त्रीय ग्रन्थमा उल्लेख गरिएको छ। आजका दिन व्रत गरेमा दुःख, कष्टलगायत मोहजालबाट मुक्त भइने शास्त्रीय मान्यता छ।

# निकुञ्ज घुम्ने पर्यटकको सङ्ख्यामा कमी

चितवन, २५ वैशाख (रासस)। चितवन राष्ट्रिय निकुञ्ज घुम्ने पर्यटकको सङ्ख्यामा कमी आएको छ। गत आर्थिक वर्षको तुलनामा यस वर्षको चैत सम्ममा पर्यटकको सङ्ख्यामा कमी आएको हो।

गत आर्थिक वर्षमा हालसम्मकै सबैभन्दा बढी पर्यटकले निकुञ्ज घुमेका थिए। निकुञ्जका सूचना अधिकारी अविनास थापामगरका अनुसार यस वर्षको चैत सम्ममा एक लाख ८२ हजार २२७ जना पर्यटकले निकुञ्ज घुमेका छन्। गत आर्थिक वर्षमा दुई लाख ५० हजार ३३७ जनाले निकुञ्ज घुमेका थिए।

चालु आर्थिक वर्षको चैतसम्म नेपाली ९२ हजार ८९०, सार्कका १६ हजार ७९८ र तेस्रो देशका ७२ हजार ५३९ पर्यटकले निकुञ्ज घुमेका छन्। गत आर्थिक वर्षको तुलनामा यस वर्ष आन्तरिक पर्यटकको सङ्ख्यामा ठूलो गिरावट आएको तथ्याङ्कले देखाएको छ।

निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा गणेश पन्तले निकुञ्ज भ्रमण गर्ने पर्यटकको सङ्ख्या र सफारी गर्ने जिप सङ्ख्यामा कमी आउँदा पर्यटकसँगै राजस्वसमेत घटेको बताउनुभयो। यद्यपी निकुञ्जमा भीडभाड नभएको वन्यजन्तुका लागि राम्रो हुने उहाँको भनाइ छ। गत आर्थिक वर्षमा यो अवधिमा रु २८ करोड २६ लाख राजस्व सङ्कलन भएकामा यस वर्ष रु २३ करोड ६४ लाख ९९ हजार मात्र राजस्व सङ्कलन भएको छ।

चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुङ्गानाले कोभिड पछि मानिसमा क्रयशक्ति कम्जोर बन्नु र कोभिड पछि उकुसमुकुस भएका धेरै पर्यटक गत वर्ष निकुञ्ज घुमेकाले यस वर्ष सङ्ख्या घटेको हुनसक्ने अनुमान गर्नुभयो। उहाँले भन्नुभयो, "जुन सुकै क्षेत्रमा पनि उच्च तहमा पुगे पछि क्रमशः घट्दै जान्छ।" निकुञ्ज भित्रको घाँसे मैदान व्यवस्थापन समयमा हुन नसक्दा दुर्लभ वन्यजन्तु हेर्न नपाएकाले पनि केही हदसम्म पर्यटक घटेको हुनसक्ने उहाँको भनाइ छ।

क्षेत्रीय होटल सङ्घ सौराहाका उपाध्यक्ष गुणराज थपलिया मूख्य रूपमा बाटोको कारण पर्यटक आगमनमा कमी आएको बताउनुहुन्छ। उहाँले भन्नुभयो, "सडक र आकासबाट आउनै कठिन छ। कसरी पर्यटक आउँछन्।" चितवनबाट भैरहवा, काठमाडौं र पोखरा तीनैतर्फको सडकको स्तरोन्नसत हुँदै गरेकाले सहज नहुँदा पर्यटक नआएको उहाँ बताउनुहुन्छ। जहाजबाट आउँदा समयमा उडान नहुने र भाडा महङ्गो भएको थपलियाको भनाइ छ।

## विष...

कि यो त हजमोला पाचक नभएर चामलमा किरा लाग्नबाट जोगाउनका लागि ल्याएर राखिएको औषधी हो" उनले भनिन्।

"छोरा नै जिवित नरहने भएपछि म बाँचेर के गर्नु?" भन्दै छोराको मुखबाट निकालेको त्यो ट्यावलेट आफू पनि खाएको काजलको दावी छ।

बुहारी काजल र नाती सौरभ गम्भिर अवस्थामा पुगेपछि उनका सासु सुलोचना साफी र ससुरा मनिलाल साफीले दुवै जनालाई राजविराज स्थित गजेन्द्रनाराण सिंह अस्पताल पुऱ्याएको थियो।

राजविराजमा उपचार सम्भव नभएपछि उनीहरुलाई विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगेको तर, त्यहाँ आईसियु बेड खालि नभएपछि आमा छोरालाई नोबेल अस्पताल विराटनगर लैजाँदै गर्दा सौरभको मृत्यू भएको काजलकी सासु सुलोचनाले जानकारी दिईन्।

धरानमा आइसियु बेड खालि नपाएपछि नाति र बुहारीलाई उपचारका लागि विराटनगर लग्ने क्रममा गाडीको सिटमा बस्न वित्तिकै नाति सोरभको मृत्यू भएको सुलोचनाले बताईन्।

"एकातिर नातिको शव र अर्कोतिर बुहारीलाइ अस्पताल पुर्याउने चिन्ता, त्यो हृदयविदारक क्षणको पीडा म व्यक्त गर्न सक्दिन" उनले भनिन्। घर परिवारमा कुनै विवाद नरहेको र ४ वर्षदेखि छोरा अनिल विदेशमै छन्, परिवारमा एक्कासी यस्तो घटना भयो, नातिलाई गुमाएर बुहारी काजललाई बचाउन सकेको आँखाबाट आँखु झार्दै काजलकी सासु सुलोचनाले भनिन्।

पति, सासु, ससुरासँग कुनै घरायसी वादविवाद नरहेको काजलको भनाई छ। छोराको मृत्यू र श्रीमति काजल मृत्युको शैययामा पुगेको खवरले विदेशमा रहेको छोरालाई शोकमा डुबाएको सुलोचनाको भनाई छ।

यता यो घटनाबारे जिल्ला प्रहरी कार्यालय सप्तरीमा जानकारी लिदा काजल र उनका सासु सुलोचना समेतले सौरभलाई विषादी नखुवाईएको दावी प्रति अहिले नै केही भन्न नमिल्ने प्रतिक्रिया दिएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले काजल अस्पतालबाट घर फर्किएको र अहिले पनि स्वास्थ्य लाभकै क्रममा रहेकीले अनुसन्धान नभए सम्म अहिले नै यस घटनाबारे अनुसन्धान पछि केही भन्न मिल्ने बताए। काजलको स्वास्थ्य अवस्था ठिक भएपछि घट्बारो थप अनुसन्धान शुरु गरिने र त्यसपछि मात्रै घटनाको कारण खुल्ने बताए।

# 'मानवतालाई जीवित राखौं' नाराका साथ रेडक्रस दिवस मनाए

काठमाडौं, २५ वैशाख (रासस)। 'मानवतालाई जीवित राखौं' नाराका साथ बिहीवार विश्वका विभिन्न देशमा विश्व रेडक्रस दिवस मनाए।

रेडक्रस र रेडक्रिसेन्ट आन्दोलनमा काम गर्ने लाखौं स्वयंसेवक र कर्मचारीहरूलाई उनीहरूको मानवीय प्रयासको लागि सम्मान गर्न हरेक वर्ष मे ८ मा विश्व रेडक्रस र रेडक्रिसेन्ट दिवस मनाउने प्रचलन प्रारम्भ भएको हो। नोबेल शान्ति पुरस्कारबाट सम्मानित रेडक्रसको अन्तरराष्ट्रिय समितिका संस्थापक हेनरी ड्युनाको जन्म पनि आजै भएको हो।

रेडक्रसका संस्थापक हेनरी ड्युनाको जन्मजयन्तीका साथै प्राकृतिक प्रकोप, युद्ध, चिकित्सा सङ्कट एवं अन्य विपत्तिहरूको सामना गर्दै समाजसेवामा करुणा, निःस्वार्थता र एकताबद्ध भएर अरूको सहयोगमा आफ्नो जीवन समर्पण गर्ने विश्वव्यापी रेडक्रस र रेडक्रिसेन्ट संस्थाहरूको सिद्धान्त र कामका बारेमा चेतना फैलाउनेहरूलाई सम्मान गरेर यो दिवस मनाउने प्रचलन छ।

बढ्दो असमानता, स्वास्थ्य समस्या र द्वन्द्वको वर्तमान विश्वमा मानवीय आदर्शलाई कायम कठिन छ। यस्तो अवस्थामा मानवतालाई जीवित राख्न तथा दया, शान्ति र आशाको सञ्चार विश्वसमुदायमाझ प्रवाह गर्न यो दिवस उपयोगी हुने विश्वास रेडक्रसका स्वयंसेवीहरुले व्यक्त गरेका छन्।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*